# मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मिति-२०७९/०८/२९

## प्रेस विज्ञप्ती

किन मधेशी आयोगले थारु र मुस्लिम लाई मधेशीको सूची बाट हटायो ?

मधेशी आयोगले आफ्नो "नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८" मा १४९ जात र उपसमुह १.थारु २. मुस्लिमलाई थारु आयोग र मुस्लिम आयोगकै पदाधिकारीहरुको सहमति मै मधेशीको रुपमा सुचिकृत गरी अग्रसारित गरेको थियो ।

सो अध्ययन प्रतिवेदन सार्वजनिक भएपछि थारु र मुस्लिम समुदायका विभिन्न संघ-संगठनहरुले आयोगमा "हामी मधेशी होइनौ, हाम्रो छुट्टै सभ्यता र पहिचान छ " र मधेशीको सुचीबाट हटाइदिन भनेर ज्ञापन पत्र, निवेदन र उजुरीहरु दर्ता गराएका थिए । साथै मधेशी को सुचीमा राख्दा व्यापक विरोध समेत गरेका थिए ।

साथै, थारु र मुस्लिम आयोगका अध्यक्षज्यूहरुले "हामीलाई मधेशी मा राख्नु गलत कदम हो र छिटो हटाउनुपर्छ भनेर आफैले गरेको सहमतिका विपरीत दोहोरो चित्र र चरित्र देखाउंदै सार्वजनिक रुपमै प्रेस विज्ञप्ति निकालनुभएका थिए ।
प्राप्त उजुरी, ज्ञापनपत्र र विज्ञप्तिहरुलाई ध्यानमा राखि मधेशी आयोगको मिति २०७९/०८/२० गतेको ७५ औ वैठकद्वारा मधेशी आयोगले थारु र मुस्लिम लाई सुचीकृत उपसमुहवाट बाट हटाउने निर्णय गरेको छ ।

विरोध अब मधेशी आयोगको किन ?
अध्यन गरेर लेख्दा राम्रो होला कि ?
थारु र मुस्लिम आयोगका पदाधिकारीज्यूहरु संग प्रश्न सोध्नुस कि सहमति विपरीत किन मधेशी सुचिबाट हटाउन लिखित रुपमै दिनुभयो ? संघ-संगठनहरुलाई सोध्नुस किन ज्ञापन पत्र बुझाउनुभयो ?

अब रोइलो किन ? र के का लागि ?

सविता डंगोल
उपसचिव